# नेपाल राजपत्र

## भाग ४


श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, आश्विन २३ गते २०२९ साल [ अतिरिक्ताङ्क ३४


### राष्ट्रिय पञ्चायत सचिवालयको
### सूचना

राष्ट्रिय पञ्चायतका माननीय मनोनीत सदस्यहरू सर्व श्री शम्भुप्रसाद ज्ञवाली र डा. तुलसी गिरीले लिखित सूचनाद्वारा राष्ट्रिय पञ्चायतको सदस्यताबाट राजिनामा दिनुभएकोले नेपालको संविधानको धारा ३८ को उपधारा (१) को खण्ड (ख) अनुसार उहाँहरूको स्थान रिक्त भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले–

केशवलाल कर्माचार्य

का. मु. सहसचिव

253


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
### विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट चाहिबक्सेमा मौसूफका हजूरमा आवश्यक परामर्श टक्र्याउन डा. श्री तुलसी गिरीलाई राजनैतिक सल्लाहकारमा नियुक्त गरिबक्सेको छ । निजको सेवासम्बन्धी शर्त, पारिश्रमिक तथा अन्य सुविधा मौसूफबाट व्यवस्था गरिबक्सेबमोजिम हुनेछ ।

हुकुमबक्सेबमोजिम
मि. सु. ईश्वरीमान श्रेष्ठ
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजबाट श्री शम्भुप्रसाद ज्ञवाली र डा. तुलसी गिरीले राष्ट्रिय पञ्चायतको सदस्यबाट राजिनामा दिनु भै खाली हुनआएको निजहरूको रिक्त स्थानमा, देहायका व्यक्तिलाई नेपालको संबिधानबमोजिम मनोनीत गरिबक्सेको छ ।

१. श्री राधाप्रसाद घिमिरे ।
२. श्री दामोदर शम्शेर ज. ब. रा. ।

हुकुमबक्सेबमोजिम
मि. सु. ईश्वरीमान श्रेष्ठ
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ सरकारको छापाखानामा मुद्रित ।

258

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।